नेपाल सरकार
गृह मन्त्रालय

# नेपाल ए.पी.एफ.अस्पताल

बलम्बु, काठमाण्डौ

## राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचना नं. APFH/NCB/G/076/077/003

प्रथम पटक प्रकाशित मिति २०७६।०५।३१ गते।

नेपाल ए.पी.एफ अस्पताल बलम्बु काठमाण्डौ र यस अस्पताल मातहत रहेको ट्रमा सेन्टर कुरिनटारको लागि आर्थिक बर्ष २०७६/०७७ मा आवश्यक भएको देहाय बमोजिमका सामानहरु खरिद गर्नुपर्ने भएकोले योग्य बोलपत्रदाताहरुलाई e-bidding को माध्यमबाट मात्र बोलपत्र पेश गर्न यों सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | सामानको नाम | परिमाण | बोलपत्र जमानत रकम रु. | बोलपत्र दस्तुर रु. | बोलपत्र मान्य अबधि | e-submission गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १. | १ | एम्बुलेन्स | आवश्यकता सम्बन्धि विवरण तालिकामा उल्लेख भए बमोजिम | विड डकुमेन्टमा उल्लेख भए बमोजिम | ३०००/- | ९० दिन | २०७६।०६।३० गते दिनको १२:०० बजे भित्र | २०७६।०६। ३० गते दिनको १३:०० बजे |
| २. | २-१६ | मेडिकल मेशिनरी औजार तथा उपकरणहरु (ठेक्का नं. २ देखि १६ सम्म) | | | ५०००/- | | | |

१. सार्वजनिक खरिद अनुगमन कार्यालयको अन्तरिम Portal: www.bolpatra.gov.np/egp बाट सि.नं. १ देखि १६ सम्म उल्लेखित सामानहरु E-bidding मार्फत बोलपत्र सम्बन्धि कार्य हुनेछ। उक्त Web मा Login गरी प्राप्त निर्देशन अनुसार ईच्छुक बोलपत्रदाताहरुले भाग लिन सक्नेछन्।

२. बोलपत्रसाथ पेश गर्नुपर्ने कागजातहरु www.bolpatra.gov.np/egp मा Scanned Copy PDF Format मा Upload गर्नुपर्ने छ।

३. बोलपत्र सम्बन्धी कागजातको दस्तुर फिर्ता नहुने गरी कोष तथा लेखा नियन्त्रण कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय टेकु स्थित राजश्व खाता नं.१०००२०००१०००० यस कार्यालयको कोड नं.३१४०५३५०१ को राजश्व शिर्षक नं.१४२२९ मा नगदै जम्मा गरेको भौचर संलग्न हुनु पर्ने छ।

४. बोलपत्रसाथ को.ले.नि.का. त्रिपुरेश्वर, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय टेकु स्थित धरौटी खाता नं. १७००२०३ मा यस अस्पतालको कोड नं.३१४०५३५०१ मा तोकिएको बोलपत्र जमानत रकम नगदै जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको कुनै ईजाजत प्राप्त बैंक वा बित्तिय संस्थाबाट यस अस्पतालको नाममा जारी भएको कार्य प्रयोजन खुलेको बोलपत्र जमानत पेश गर्नु पर्नेछ। सो को मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा कम्तिमा १२० दिन हुनु पर्नेछ।

५. Pre-bid Meeting मिति २०७६।०६।१७ गते १३:०० बजे नेपाल ए.पी.एफ अस्पताल बलम्बुमा हुनेछ।

६. बोलपत्रदाताले पेश गर्नु पर्ने कागजातहरु मिति २०७६/०६/३० गते १२:०० बजे भित्र www.bolpatra.gov.np/egp मा Upload गरि सक्नुपर्नेछ र e-submission भएका बोलपत्रहरु सोही दिनको १३:०० बजे यस अस्पतालमा खोलिने छ।

७. बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन।

८. बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा सो सम्बन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिनेछ। तर बोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मिति देखि नै गरिनेछ।

९. बोलपत्रदाताहरुले बोलपत्र सम्बन्धी कागजातहरुमा उल्लेख भए बमोजिमका आवश्यक कागजातहरु पुरै Upload नगरी आंशिक मात्रै Submit गरेको पाईएमा उक्त बोलपत्र अयोग्य भएको मानिनेछ। साथै बोलपत्र खोल्ने समयमा बोलपत्रदाताहरुको बोलपत्र Upload भएको नदेखिएमा, Upload भएको कागजात स्पष्ट सँग नबुझिएमा, Download हुन नसकेमा वा नभएमा एवं Download भएको कागजात नखुलेमा यस कार्यालय जवाफदेही हुने छैन।

१०. बोलपत्रहरु स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई रहने छ।

११. अन्य कुनै कुरा बुझ्नु परेमा यस कार्यालयको फोन नं. ०१-४३१५२२४ मा सम्पर्क गरी बुझ्न सकिने छ।

१२. यस कार्यालयले माग गरेको समयमा बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातहरु सक्कलै/प्रतिलिपि पेश गर्नु पर्नेछ। बोलपत्रदाताले पेश गरेको Online बोलपत्र सो बोलपत्र पेश गर्ने अन्तिम समय भित्र प्रणालीमा प्रविष्टी (Login) गरी Online फिर्ता लिन वा संशोधन गर्न सक्नेछन्।

१३. यस खरिद सम्बन्धी सूचना सशस्त्र प्रहरी बल नेपालको Web site: www.apf.gov.np मा समेत हेर्न सकिनेछ।

१४. बोलपत्रको मूल्याङ्कन ठेक्का नं. अनुसार छुट्टा छुट्टै गरिनेछ।

१५. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३(संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ।